
# करार र नक्सा, ब्लुप्रिन्ट वा खाका



## शबाथ दिउँसो

**यस अध्यायको अध्ययनको लागि निम्न पदहरू पढ्नुहोस्:** *प्रस्थान २४:१-१८; १ कोरन्थी ११:२३-२९; लेवी १०:१, २; इजकिएल ३६:२६-२८; प्रस्थान २५:१-९; प्रस्थान ३१:१-१८।*

**याद गर्नुपर्ने पद:** **"जब मोशाले गएर परमप्रभुका सबै कुरा र विधिविधानहरू मानिसहरूलाई सुनाए, तब तिनीहरू सबैले एकै सोर गरी भने, 'परमप्रभुले भन्नुभएका सबै वचनहरू हामी पालन गर्नेछौं।' तब मोशाले परमप्रभुका सबै वचनहरू लेखे"** *(प्रस्थान २४:३-४)*।

**तिनीहरुका** परमेश्वर, सृष्टिकर्ता र मुक्तिदाता वा उद्धारकर्ता हुनुभएको हैसियतले आफ्ना जनहरूका बीचमा प्रभु रहन चाहनुभएको थियो। स्वभाविक रूपले उहाँसँग घनिष्ठ सङ्गति गर्न उहाँले हामीलाई सृष्टि गर्नुभएको थियो। जसरी अरूसँग अर्थपूर्ण सम्बन्ध निर्माण गर्न समय र प्रयासको आवश्यकता पर्छ, त्यसरी नै हाम्रा परमेश्वरसँग सम्बन्ध राख्न हामीले समय र प्रयास गर्नुपर्छ। उहाँसँग आत्मीयतामा बाँधिँदा हामी उहाँतिर उचालिन्छौं र दिन-दिनै हाम्रा बहुआयामिक पक्षहरूमा प्रगति गरिहेको अनुभव गर्न सक्छौं। तर त्यसको निम्ति हामीले उहाँसँग समय बिताउनैपर्छ। व्यवहारिक अर्थमा भन्ने हो भने परमेश्वरको वचन वा बाइबल अध्ययन गर्ने बानी बसाल्नुपर्छ किनकी

बाइबलबाट उहाँले हामीसँग वार्तालाप गर्नुहुन्छ; हामी प्रार्थना गर्नुपर्छ र अरूहरूलाई येशूका मृत्यु, पुनरुत्थान र उहाँको आगमनको बारेमा सुनाउनुपर्छ अर्थात् परमेश्वरको लक्ष्यमा चल्न हामी सहभागी हुनुपर्छ। जब परमेश्वरले हामीलाई आशिष् दिनुहुन्छ तब हामी अरूहरूलाई आशिष्का माध्यमहरू हुन सक्छौं।

हाम्रो फोकस वा ध्यानको केन्द्र परमेश्वरमा हुनुपर्छ, हामी वा हाम्रा उपलब्धिहरूमा होइन *(हिब्रू १२:१, २)*। जब हामी उहाँसँग सम्बन्ध गाँसिरहन्छौं तब उहाँका शिक्षा दीक्षाहरूलाई पालन गर्न उहाँले हामीलाई शक्तिसम्पन्न बनाउनुहुन्छ। उहाँका वचनलाई सुन्ने मात्र होइन, त्यसअनुसार हामी चल्नुपर्छ। त्यसैकारण, युगको अन्तमा बाँचिरहने ख्रीष्टका भक्तहरूको पुस्ताको चरित्र र मिजासलाई यसरी वाख्या गरिएको छ "ती भक्तहरू जसले परमेश्वरका दश आज्ञाहरूलाई पालन गर्छन् र येशूमा भएको विश्वास तिनीहरूमा रहन्छ" *(प्रकाश १४:१२ रूपान्तरित)*।

वास्तविक रूपमा यो एकदम सरल छ: यदि परमेश्वरलाई हामीले प्रेम गर्छौं भने त्यस प्रेमको उपज नै उहाँका आज्ञाहरूलाई हामीले पालन गर्नेछौं।

# किताब र रगत

**पढ्नुहोस्: प्रस्थान २४:१-८ पढ्नुहोस्। परमेश्वरको वचन पढ्नु र परमेश्वर र उहाँका जनहरूका बीचमा भएको करारलाई अनुमोदन गर्न रगत छर्किनुको भूमिका के हो?**

बाइबलमा वर्णन गरिएको जीवित परमेश्वर मानिसहरूसँग पारस्परिक सम्बन्ध राख्न चाहने परमेश्वर हुनुहुन्छ। सम्बन्धको लागि चाहिने मुख्य तत्त्व कुनै वस्तु वा कार्यशैली होइन तर व्यक्ति हो। परमेश्वरले मानिसहरूतिर नजिकै ध्यान लगाउनुहुन्छ र मानव प्राणीसँग व्यक्तिगत पारस्परिक सम्बन्ध निर्माण गर्नुहुन्छ। आखिरमा प्रेम गर्नुहुने परमेश्वरले सम्बन्ध स्थापित गर्न चाहनुहुन्छ। सम्बन्ध नै नभईकन प्रेम कसरी स्थापना गर्न सकिन्छ र?

येशूले भन्नुभयो: "म, जब पृथ्वीबाट उचालिन्छु तब सबै मानिसहरूलाई मतर्फ तान्नेछु" *(यूहन्ना १२:३२)*। हाम्रो नैतिक आचरण मात्र होइन, ठीक धर्मविज्ञान वा शिक्षा मात्र होइन वा उचित व्यवहार मात्र होइन, तर उहाँसँग व्यक्तिगत घनिष्ठ सम्बन्ध राखेको परमेश्वर चाहनुहुन्छ। सृष्टिका दुवै संस्थाहरू *(उत्पत्ति १-२) सम्बन्धहरूको* विषयमा हुन्: पहिला परमेश्वरसँग सम्बन्ध जुन शबाथ पालन गरेर हुन्छ र अर्को मानवीय सम्बन्ध जुन वैवाहिक चलनबाट सुरु भएर अरू मानिसहरूसँगको सम्बन्ध हुन्।

सिनैमा रगतद्वारा अनुमोदन गरिएको करारले परमेश्वरसँग उहाँका जनहरूको विशेष सम्बन्ध गाँसिएको बताउँछ। रगत छर्किएको संस्कारमा मानिसहरूले दुई पल्ट परमेश्वरका सबै वचनहरू पालन गर्छौं भनेर चिच्याएका थिए। "परमेश्वरले जे भन्नुभयो सो सबै हामीले पालन गर्नेछौं," भनेर तिनीहरूले घोषणा गरेका थिए *(प्रस्थान २४:३)*। तिनीहरूका कमजोरीपन र शक्तिको अभावको बारेमा तिनीहरूलाई थाहा

थिएन। करारको रगत मानिसहरूमा छर्किएको थियो। केवल येशूका पुण्य कामले मात्र इस्राएलीहरूले परमेश्वरका आदेशहरू पालन गर्न सकिन्छ भनेर देखाएको थियो।

हाम्रा मानव स्वभाव कतिको कमजोर, दुर्बल र पूरै पापी छ भन्ने कुरा हामीले स्वीकार्न चाहँदैनौं। हाम्रो वंशमा नै खराब गर्ने नियतहरू बुनिएका छन्। असल हुन हामीलाई हामीभन्दा बाहिरको शक्तिको सहायता चाहिन्छ। त्यो सहायता माथिबाट आउँछ, परमेश्वरको अनुग्रहको शक्तिबाट, उहाँको वचनबाट र पवित्र आत्माबाट। ती सबैका बाबजुद पनि खराब तत्त्वहरू हामीमा सजिलैसँग घुसिरहेको हुन्छ, होइन त?

त्यसैकारण, प्रत्येक क्षणमा परमेश्वरसँग व्यक्तिगत सम्बन्ध हुनु अत्यावश्यक छ। चाहे सिनै पहाडमा होस् वा आज होस् परमेश्वरको उपस्थितिको आभास हामीले पाइ नै रहनुपर्छ।

**"प्रभुले भन्नुभएको प्रत्येक निर्देशन हामी पालन गर्नेछौं"** *(प्रस्थान २४:३ रूपान्तरित)*। **हामीमध्ये कतिले त्यही वाचा गरेका छौँ? तर त्यो केवल असफल हुन्छ। त्यसको समाधान के हो त?**

# परमेश्वरलाई देख्न पाउनु

पढ्नुहोस्: **प्रस्थमा २४:९-१८ पढ्नुहोस्। यहाँ इस्राएलीहरूले के अचम्मको अनुभव गरेका विवरण प्रस्तुत गरिएको छ?**

परमेश्वरसँग करारको स्थापना दृढ भएपछि मोशा फेरि सिनै पहाड चढे। सुरुमा यो पहाड चढ्दा उनी एक्लै थिएनन्। उनीसँग इस्राएलका ७३ उत्कृष्ट अगुवाहरू थिए। यो तिनीहरूका निम्ति आत्मिक चुचुरोको अनुभव थियो: तिनीहरूले परमेश्वरलाई प्रत्यक्षरूपमा देखेका थिए। यो अलौकिक र अचम्मको वास्तविकता थियो। यही समयमा जब अगुवाहरू सँग-सँगै मिलेर खाएका थिए, यसले परमेश्वरसँगको करारको लालमोहर छाप लगाएको प्रमाणित हुन्छ। यो भोजको समय थियो र त्यसको मालिक परमेश्वर आफै हुनुहुन्थ्यो। ती अगुवाहरूलाई परमेश्वरले अगाढ रूपमा सम्मान गर्नुभएको थियो।

बाइबलको समयको मध्यपूर्वमा र कतिपय ठाउँहरूमा अहिले पनि मिलीजुली खाने अनुभव अत्यन्तै रमाइलो, ठूलो सम्मान र अवसर मानिन्छ। यसले एक आपसमा माफी दिने र भाइचाराको वातावरणको निर्माण गराउँछ। यसले हामी एक आपसका निम्ति हौं भन्ने प्रत्याभूति दिन्छ र सङ्कट र समस्याको समयमा एक आपस चाहिन्छ भन्ने भावना पैदा गर्छ। यदि एक समूहलाई केही भयो भने अर्को समूहले सहयोग गर्ने प्रतिज्ञा सँग-सँगै खाँदा केही नभने पनि गरिएको थियो। भोजमा सरिक हुनु नै एक विशेष अवसर हो जुन सबैलाई सरिक गराउँदैन।

फेरि भोजमा आउन निमन्त्रणालाई अस्वीकार गर्दा ठूलो अपमान हुन्छ। यसले नयाँ करारमा येशूले भन्नुभएको कथाहरूमाथि प्रकाश पार्छ। पापीहरूसँग खानपानमा येशू सरिक हुनुहुँदा धर्मात्मा छु भन्ने धर्मका गुरु र

मतियारहरूले उहाँप्रति ठूलो आपत्ति जनाएर आलोचना गरेका थिए *(लूका ५:३०)*। जब येशूभक्तहरू प्रभुभोजमा सरिक हुन्छन् तब तिनीहरूले पनि विश्वासीहरूका बीचमा एकताको सम्बन्धलाई बलियो बनाउँछन् र सबै जना आफू जस्तो पापी हुँ भन्ने भावनालाई मान्यता गरेको हुन्छ। यस प्रभुभोजमा येशूमा पाएको क्षमा र मुक्तिलाई उत्सवको रूपमा मनाउँछौं *(मत्ती २६:२६-३०; मर्कूस १४:२२-२५; १ कोरिन्थी ११:२३-२९ हेर्नुहोस्)*।

दुर्भाग्यवस मोशासँग डाँडामा उक्लिने केही अगुवाहरू पापमा फसे र तिनीहरूले ज्यान गुमाए *(लेवी १०:१, २, ९)*। परमेश्वरसँग गाढा सम्बन्ध भए तापनि तिनीहरू परिवर्तन भएका थिएनन् वा त्यस अनुभवले तिनीहरूलाई केही बदली ल्याएको थिएन। यसमा प्रभावकारी पाठ हामीलाई सिकाउँछ। हामीमा सत्यता छ र पवित्र शुभ अवसरहरू पाए तापनि हामी स्वतः परिवर्तन वा धर्मपरिवर्तन भएको छ भन्नेछैन। आत्मिक अनुभव पाएपछि पापमा फस्ने मानिसहरूमा तिनीहरू अन्तिम हुनुपर्नेथियो।

**ती मानिसहरूले पाएको अवसरहरूको कथामा अझ धेरै ध्यान दिनुहोस्। तिनीहरूमा हारूनका छोराहरू पनि छन्। हामी एड्भेन्टिष्टहरू भएको हैसियतले हामीलाई दिएको आत्मज्ञानको ज्योति सुम्पेकोमा त्यसलाई कसरी हिफाजत गर्नुपर्दो रहेछ भनेर त्यस कथाले हामीलाई चेतावनी स्वरूप सजग गराउँछ?**

# आज्ञा पालन गर्न शक्तिसम्पन्न

**पढ्नुहोस्: इजकिएल ३६:२६-२८ पढ्नुहोस्। हाम्रो जीवनमा हामी आज्ञाकारी कसरी हुन सक्छौं?**

तिन पल्ट इस्राएलीहरूले बढो जोसले परमेश्‍वरको आज्ञा पालन गर्छौं भनेर घोषणा गरेका थिए *(प्रस्थान १९:८; प्रस्थान २४:३, ७)*। आज्ञा पालन गर्नु महत्त्वपूर्ण छ। हामी मानिस भएकाले हामी कमजोर, पापी, टुक्रिएका र सजिलैसँग शैतानको जालमा पर्न सक्छौं भनेर बाइबलले सिकाए तापनि यदि यस जीवनलाई अर्थमूलक र लक्ष्यप्रेरित बनाउने हो भने आज्ञा पालन गर्नु अति आवश्यक ठान्नुपर्छ। तर परमेश्‍वरका आज्ञाबाट विचलित हुने मानवीय परम्परा पौराणिक इस्राएलको कथाले मात्र होइन युगौँ-युगदेखि सबै मानिसहरूका कथा हो।

तब, हामीले परमेश्‍वरप्रति बफादार हुन कसरी सक्षम हुने त?

जब परमेश्‍वरले आदेश दिनुहुन्छ तब त्यसलाई पालन गर्न उहाँले हामीलाई खुबी पनि दिनुहुन्छ। हामीलाई चाहिने सहायता हामीभित्रबाट होइन तर बाहिरबाट आउँछ। उहाँले चाहनुभएका शिक्षा दीक्षाहरूलाई पालन गर्न उहाँले नै हामीलाई शक्तिसम्पन्न गराउनुहुन्छ। यो उहाँको काम हो। इजकिएलको धर्मविज्ञान वा धार्मिक शिक्षाको मुटुलाई उनले इजकिएल ३६:२६, २७मा उल्लेख गरेको स्पष्ट छ। हाम्रो हृदयको प्रत्यारोपन केवल परमेश्‍वरले मात्र गर्न सक्नुहुन्छ। हाम्रो पत्थर रूपि र कठोर हृदयलाई हटाएर संवेदनशील मासुको हृदय उहाँले राख्नुहुन्छ। यहोशूले उनका श्रोताहरूलाई यो याद गराएका थिए, "तिमीहरू आफ्नै शक्तिले परमेश्‍वरको सेवा गर्न सक्दैन" *(यहोशू २४:१९)*।

हाम्रो आत्म-निर्णयले परमेश्वरलाई पछ्याउन चाहना गर्छौं; यो हाम्रो भाग हो। क्षण-क्षणमा र दैनिक जीवनमा उहाँमा समर्पित जीवन बिताउने हाम्रो निर्णय हो। किन उहाँमा समर्पित हुने त? किनकी हाम्रो आफ्नै विवेकले निर्णय गरेर उहाँको सेवा गर्न हामीमा खुबी छैन। तर जब हामी हाम्रा कमी र कमजोरीहरू उहाँलाई सुम्पिन्छौं तब उहाँले हामीलाई बलियो बनाउनुहुन्छ। पावलले यस मामिलामा यसरी स्वीकार्छन्, "जब म कमजोर हुन्छ तब म बलियो हुन्छु" *(२ कोरन्थी १२:१०)*।

इजकिएल ३६:२४-३०मा परमेश्वरले "म" भनेर सम्बोधन गर्नुभएको सोच्नुहोस्: उहाँले हाम्रा हृदयलाई जम्मा गर्नुहुन्छ वा खोतल्नुहुन्छ, सफा गर्नुहुन्छ, अनावश्यक तत्त्वहरू निकालेर फ्याँक्नुहुन्छ, हृदयलाई मिलाएर उहाँको व्यवस्थालाई त्यसमा राखिदिनुहुन्छ ताकि हामी स्वभाविक रूपले उहाँका आज्ञाहरूलाई पालन गर्न सक्ने हुन्छौं। अनि त्यसको फलस्वरूप परमेश्वरले के गरिरहनुभएको छ सो तपाईंले पनि गरिरहनुहुनेछ। तपाईंसँग उहाँ परिचित हुनुहुन्छ। यदि हामी उहाँसँग नजिकै रहेर सहकार्य गऱ्यौं भने हामीले गरिरहने काम उहाँले नै हामीमा गरिरहनुहुनेछ। तपाईं र परमेश्वरका बीचमा भएको एकता अत्यन्तै गतिशील, प्रगतिशील, सक्रिय, शक्तिशाली, फुर्तिलो र जीवित हुनेछ।

इजकिएलको यस अंशमा न्यु किङ्ग जेम्स संस्करणमा यसरी जोर गरेर लेखिएको छ, "तिमीभित्र मेरो आत्मा वा मिजास राखिदिनेछु र मेरा विधिविधानमा हिँड्ने बनाउनेछु। तिमीले मेरा न्याय, निर्णय र रायहरूलाई पालन गरेर देखाउनेछौ" *(इजकिएल ३६:२७)*। परमेश्वरले मानिसहरूलाई आज्ञा पालन गर्न आदेश दिनुहुन्छ र त्यसलाई पालन गर्न उहाँले शक्ति प्रदान गर्नुहुन्छ। उहाँका जनहरूले के गरेका उहाँ चाहनुहुन्छ त्यो गर्न उहाँले जहिले पनि सहायता गर्नुहुन्छ। याद गर्नुहोस्, आज्ञाकारी हुनु परमेश्वरको उपहार वा वरदान हो। यो हाम्रो काम वा उपलब्धि होइन। जस्तै निर्दोष ठहरिनु र मुक्ति दिनु उहाँका उपहारहरू हुन् *(फिलिप्पी २:१३)*।

**आज्ञा पालन गर्न तपाईंलाई प्रतिज्ञा दिइएको छ भने हामी सजिलैसँग पापमा किन फस्छौं?**

# उहाँका मानिसहरूका बीचमा

परमेश्वरले इस्राएलीहरूलाई विभिन्न माध्यमहरू अपनाएर सिकाइरहनुभएको थियो। पवित्रस्थान पनि एक माध्यम थियो। त्यहाँ हुने सबै सेवाकार्यहरूले येशूलाई औँल्याएका थिए। त्यस पवित्रस्थानमा हुने सबै विधिहरू प्रतिकका रूपमा थिए जसले मुक्तिको योजनाको बारेमा जानकारी दिन्थे। ती प्रतिकहरू धेरै शताब्दीपछि येशूले पूरा गर्नुभएको थियो।

पढ्नुहोस्: **प्रस्थान २५:१-९ पढ्नुहोस्। ती पदहरूमा के निर्णायक, व्यवहारिक र थियोलोजी वा धर्मविज्ञानका सत्यहरू उल्लेख गरिएका छन्?**

____________________________________________

____________________________________________

परमेश्वरले इस्राएलीहरूलाई अगुवाइ गरिरहनुभए तापनि र तिनीहरूका नजिक उहाँ हुनुभए तापनि उहाँले मोशालाई पवित्रस्थान बनाउन निर्देशन दिनुभएको थियो, "मेरो निम्ति तिनीहरूले पवित्रस्थान बनाऊन् ताकि म तिनीहरूका माझमा रहन सकूँ" *(प्रस्थान २५:८)*। प्रत्यक्ष रूपमा परमेश्वर तिनीहरूका साथमा हुनुहुन्छ भनेर परमेश्वरले देखाउन चाहनुभएको थियो। तिनीहरूले धेरै गल्तीहरू गरे तापनि उहाँले तिनीहरूलाई त्याग्नुभएको थिएन। "तिनीहरू बारम्बार उहाँका निगाहामा थिए" (*पाट्रियार्क्स एण्ड प्रोफेटस*, पृ. ३४३)। परमेश्वरले तिनीहरूलाई आदेश दिनुभएको थियो र पवित्रस्थान निर्माण गर्ने प्रक्रिया तिनीहरूले सुरु गरेका थिए।

हुन त परमेश्वर मानिसले बनाएका मन्दिरहरूमा बस्नुहुन्न भनेर बाइबलमा स्पष्ट रूपमा उल्लेख गरिएको छ *(प्रेरित ७:४७-५०)*। उहाँ जगत्भन्दा ठूलो हुनुहुन्छ। जगत्मा उहाँ अटाउन सक्नुहुन्न। एथेन्सको अरियोपागसका सभाकक्षमा पावलले यो व्यक्त गर्दछन्, "परमेश्वर, जसले संसार र त्यसमा भएका यावत् थोक बनाउनुभयो, उहाँ स्वर्ग र पृथ्वीका प्रभु भएका हुनाले हातले बनाएको मन्दिरमा वास गर्नुहुन्न, उहाँलाई

कुनै थोकको खाँचो परेजस्तो गरी मान्छेको हातबाट उहाँको सेवा हुनुपर्छ भनी नसोच्नुहोस्। किनभने उहाँले नै सबैलाई जीवन, सास र सबै चीज दिनुहुन्छ" *(प्रेरित १७:२४-२५)*। राजा सोलोमनले पनि यो व्यक्त गर्दछन्, "के परमेश्वर निश्चय नै पृथ्वीमा वास गर्नुहुन्छ र? स्वर्गहरू, स्वर्गभन्दा पनि उच्च स्वर्गमा तपाईं अटाउनुहुन्न भने, मैले निर्माण गरेको यो मन्दिरमा त झन् कसरी अटाउनुहुन्छ!" *(१ राजा ८:२७)*। परमेश्वरको उपस्थितिलाई प्रकट गर्ने थलो पवित्रस्थान थियो।

पवित्रस्थान निर्माण गर्न इस्राएलीहरूले स्वेच्छाले भेटीहरू ल्याउनुपर्थ्यो। तिनीहरूले बहुमूल्य उपहारहरू दिनुपर्थ्यो। सुन, चाँदी, पित्तल, अकेसिया रुखका काठहरू, विभिन्न खालका कपडा, जैतुनको तेल र मसलाहरू ल्याउनुपर्थ्यो।

प्रस्थान २५:१०-२७:२१मा पवित्रस्थान र त्यसमा हुने सेवाकार्यहरूका बारेमा विस्तृत विवरणहरू प्रस्तुत गरिएका छन्। पवित्रस्थान बनाउने नक्सा वा ब्लुप्रिन्ट मोशालाई परमेश्वरले उपलब्ध गराउनुभएको थियो। पवित्रस्थान कसरी बनाउने र त्यसलाई कसरी सजाउने भन्ने विशेष निर्देशनहरू परमेश्वरले मोशालाई उपलब्ध गराउनुभएको थियो। त्यहाँ करारको सन्दुक पनि राखिनुपर्थ्यो। पवित्र रोटीहरू राख्ने टेबुल, पानस, वेदीहरू, विभिन्न रङ्ग र नापका पर्दाहरू पवित्रस्थानमा राखिनुपर्थ्यो।

परमेश्वरले देखाउनुभएको नमुनाअनुसार मोशाले पवित्रस्थान बनाउनुपरेको थियो *(प्रस्थान २५:९, ४०; २६:३०)*। यो स्वर्गमा रहेको पवित्रस्थानको प्रतिबिम्ब थियो *(हिब्रू ८:१, २; ९:११)*। पृथ्वीमा रहेको पवित्रस्थानले येशूको मृत्युको बारेमा जानकारी दिने निर्णायक भूमिका खेलेको थियो। उहाँको मृत्युपछि स्वर्गमा रहेका पवित्रस्थानमा उहाँको सेवाकार्यले पृथ्वीको पवित्रस्थान खारेज गरिएको थियो र त्यहाँ हुने सबै विधिहरूका औचित्य समाप्त भएको थियो। जब महा-पवित्रस्थानलाई अलग गरिने पर्दा येशूका मृत्युपछि च्यातिएको थियो, त्यसले नै पवित्रस्थानको औचित्यलाई समाप्त गरिएको थियो *(मत्ती २७:५१; मर्कूस १५:३८)*।

# परमेश्वरको पवित्र आत्माले भरिएको

पवित्रस्थानमा हुने सम्पूर्ण विधिहरूलाई कसरी तयार गर्ने भनेर विस्तृत विवरण परमेश्वरले मोशालाई दिनुभएको थियो। पूजारीहरूले पूजारीका विशेष पोसाकहरू लगाउनुपर्थ्यो। प्रधान पूजारीको पोसाकमा विशेष वस्त्र एफोड लगाउनुपरेको जसमा बाह्र कुलहरूका नाउँहरू थिए। अनि उनले छाती पाटा लगाउनुपरेको थियो जसमा युरिम र थुमिन र बाह्र बहुमूल्य पत्थरहरू थिए। यो उनका हृदयको नजिक हुन्थ्यो *(प्रस्थान २८)*। सबै पूजारीहरू अर्पित हुनुपरेको थियो *(प्रस्थान २९)*। धुप वेदी, हात धुने बाटा, अभिषेक गरिने तेल र धुप त्यहाँ हुन्थे *(प्रस्थान ३०)*।

पढ्नुहोस्: **प्रस्थान ३१:१-१९ पढ्नुहोस्। पवित्रस्थान र सम्बन्धित विधिहरू सुन्दर र उचित तवरले तयार गरियोस् भनेर परमेश्वर के विशेष सहयोग दिनुभएको थियो?**

________________________________________

________________________________________

बाइबलमा पहिलो पल्ट परमेश्वरले मानिसलाई उहाँको आत्माले भर्नुहुनेछ भन्ने सन्देश लेखिएको पाउँछौं। यसको अर्थ के हो त? बजलेललाई पवित्रस्थानमा सजाउने कलात्मक कौशलता र सिपहरूका गुणहरूले शक्तिसम्पन्न गराइएको थियो। नयाँ कलात्मक कामका निम्ति नयाँ प्रवीणताहरू, समझ शक्ति र ज्ञानहरूको खाँचो थियो। थपमा ओहोलीआब र अरू धेरै कलाकारहरूले काममा सहयोग गर्न त्यही आत्मा वा खुबीहरू परमेश्वरले दिनुभएको थियो।

ती सबै क्रियाकलापहरूको बीचमा परमेश्वरले शबाथ प्रस्तुत गर्नुभएको थियो। परमेश्वरले नै मानिसहरूलाई पवित्र बनाउनुहुन्छ भन्ने त्यो चिन्ह थियो। चौथो आज्ञालाई मान्ने कुरा पवित्रतासँग गाँसिएको थियो। पछि इजकिएलमा परमेश्वरले यो व्यक्त गर्नुभएको थियो: "तिनीहरूलाई पवित्र

पार्ने म परमप्रभु नै हुँ भन्ने कुरा तिनीहरूले जानून् भनेर तिनीहरू र मेरो बीचमा चिन्हको लागि मैले तिनीहरूलाई शबाथ दिनहरू पनि ठहराइदिएँ" *(इजकिएल २०:१२)*।

सनातन सृष्टिकर्ता परमप्रभु परमेश्वर उहाँ मात्र हुनुहुन्छ भनेर शबाथले हामीलाई याद दिलाउँछ *(उत्पत्ति २:२, ३)*। उहाँ नै हाम्रो मुक्तिदाता र प्रभु हुनुहुन्छ *(व्यवस्था ५:१५; मर्कूस २:२७, २८)*। तर उहाँ पवित्र पनि हुनुहुन्छ। उहाँको उपस्थितिले मानिसहरूलाई परिवर्तन गर्छ। उहाँको पवित्र आत्मा र पवित्र वचनले मानिसहरूमा प्रेमिलो, दयालु, निस्वार्थी, सदाशयी, करुणामयी र क्षमाशील हुने चरित्रको विकास गर्दछ।

परमेश्वरले मोशालाई दिनुभएको सर्वोच्च उपहार नै दश आज्ञा थियो *(प्रस्थान ३१:१८)*। परमेश्वर आफैले दुई ढुङ्गाहरूका पाटीमा दश आज्ञाहरू खोपेर दिनुभएको थियो *(प्रस्थान ३१:१८; व्यवस्था ९:९-११)*। ती पाटीहरू महा-पवित्रस्थानमा भएको करारको सन्दुकमा राखिएका थिए र यसलाई कृपा आसनको ढकनले छोपेको थियो *(प्रस्थान २५:२१)*।

**कृपा आसन भन्ने वाक्यांश हिब्रू शब्दको क्षमा दिने वा पश्चात्ताप गर्नेबाट आएको हो। यो आसनद्वारा परमेश्वरको दश आज्ञा किन छोपिएको थियो? यसमा हामीले के आशा देख्न सक्छौं?**

_______________________________________________

**थप जानकारी:** एलेन जी. ह्वाइटले लेख्नुभएको *पाट्रियार्क्स प्रोफेटसको* पृ. ३४३-३५३को "द टेबरानकल एण्ड इटस् सर्भिसेज" भन्ने अध्याय पढ्नुहोस्।

परमेश्वरका जनहरूले पापहरू क्षमा मागेर प्रायश्चित्त वा क्षतिपूर्तिको विधि पूरा गर्ने पवित्रस्थान विशेष थलो थियो। यहीँ नै मुक्तिको पूरा योजनालाई प्रकट गरिएको थियो। जब इस्राएलीहरू उजाड-स्थानमा यात्रा गरिरहेका थिए तब त्यो योजनालाई विस्तृत रूपमा प्रकट गरिएको थियो। निर्दोष साबित गर्ने, पवित्रीकरण र न्याय प्रणाली पवित्रस्थानका विधिहरूले सिकाएका थिए। प्रत्येक पशुबलिले येशूको मृत्युलाई औँल्याएको थियो। त्यसले पापबाट क्षमा र अन्तमा आएर पाप सखाप पारिने भविष्यलाई औँल्याएको थियो। सबै बलिहरूमा परमेश्वरको दश आज्ञाको उपस्थिति झल्काइएको थियो। धर्मी, असल हुने र उचित जीवन बिताउने मापदण्ड नै दश आज्ञा थियो।

"पवित्र सन्दुकभित्र सजिएको दश आज्ञा नै धर्मपराणता, नैतिक, असल, भलाद्मी, भद्र तथा शिष्ट जीवन र न्यायी जीवन बिताउने ठूलो नीति हो। त्यस दश आज्ञाले यसलाई उल्लङ्घन गर्ने वा पापमै रमाउन चाहनेहरूलाई मृत्युदण्डको घोषणा गरिएको छ। तर दश आज्ञाको पाटीमाथि कृपा आसन थियो। त्यहाँ परमेश्वरको उपस्थितिलाई झल्काएको थियो। पश्चात्ताप गर्ने पापीलाई क्षमा प्रदान गरिएको थियो। यसरी पवित्रस्थानमा गरिने विधिहरूले येशूले हामीलाई दिनुहुने मुक्तिको कामलाई प्रतिकको रूपमा प्रकट गरेका थिए। 'प्रेम र विश्वस्तता आपसमा मिल्छन्, धार्मिकता र शान्तिले एक-अर्कोलाई चुम्बन गर्छन्।' भजनसंग्रह ८५:१०।"—*पाट्रियार्क्स एण्ड प्रोफेटस*, पृ. ३४९।

## छलफलको लागि प्रश्नहरू:

१. “प्रभु तपाईंले जे भन्नुहुन्छ म गर्नेछु” भनेर तपाईंले कति पल्ट भन्नुभएको छ? यसमा तपाईंका प्रयासहरू कति सफल भएका छन्?

२. सिनै पहाडमा प्रभुसँग ४० दिन बिताएको अन्तमा इस्राएलीहरूले शबाथ पालन गर्नैपर्छ भनेर परमेश्वरले जिकिर गर्नुभएको थियो, किनकी यो तिनीहरू र परमेश्वरका बीचमा प्रभु नै तिनीहरूलाई पवित्र पार्नुहुन्छ भन्ने चिन्ह थियो। शबाथ पालन गर्न पवित्रता र शुद्धताको भूमिका कसरी खेलिन्छ?

३. उहाँ तिनीहरूको बीचमा रहनको लागि इस्राएलीहरूले पवित्रस्थान बनाउन प्रभुले आदेश दिनुभएको थियो। इस्राएलीहरूका मुक्तिका निम्ति यो स्थान केन्द्र बिन्दु भएको रोजक मान्नुपर्छ। यही पवित्रस्थानमा प्रभु उहाँका जनहरूसँग रहनुभएको थियो। यहाँ नै मुक्तिको योजना अनेकौं प्रतिकहरूद्वारा देखाइएको थियो। हाम्रो मुक्तिको निम्ति उहाँमाथि पूरा भरोसा राख्नुपर्छ भनेर पवित्रस्थान र त्यसमा गरिएका विधिहरूले  हामीलाई के सिकाउँछन्?

४. रगतद्वारा सबैका पापहरू पवित्रस्थान वा परमेश्वरको घरमा ल्याइएको भन्नुको अर्थ के हो? यस अचम्मको सत्यले येशूले क्रूसमा हाम्रो निम्ति के गर्नुभयो सो मधुरो तरिकाले नै कसरी बुझाउन सक्छ? स्वर्गको पवित्र स्थानमा हाम्रो निम्ति येशूले के गरिरहनुभएको छ भनेर पृथ्वीको पवित्रस्थानले कसरी बुझाउँछ?

# सर्वज्ञानी परमेश्वरलाई चिन्ने

*लेखक:* आन्ड्यु मेकचेस्नी

दक्षिणी एसियाको सेभेन्थ-डे एड्भेन्टिष्ट बोर्डिङ हाई स्कूलमा अङ्ग्रेजी सिक्न आफ्नो घरबाट ९६० किलोमिटरभन्दा बढी यात्रा गर्दा इकबाललाई येशूको बारेमा केही थाहा थिएन।

ऊ इसाई परिवारमा जन्मेको थिएन। उसका आमाबाबुले उसलाई २० वर्षको उमेरमा उसकी दिदी पढेको स्कूलमा पढ्न पठाएका थिए। दिदी त्यहाँ पढ्दैथिइन् र उनको अङ्ग्रेजी अत्यन्तै राम्रो थियो।

इकबालले स्कूलमा भएको बिहान र साँझको सबै आराधना सेवाहरूमा भाग लिन्थ्यो। ऊ सबै शबाथ दिनका सेवाहरूमा भाग लिन्थ्यो। येशूलाई चिन्नको लागि उसको हृदय जाग्न थाल्यो। उसले बाइबल पढ्यो। येशूको बारेमा सिक्न बाइबल पढेको थियो। उसको आँखा यर्मिया १:५मा पर्‍यो, जसमा लेखिएको थियो, “मैले तिमीलाई गर्भमा रच्नु अघि मैले तिमीलाई चिनेको थिएँ; तिमी जन्मनु अघि मैले तिमीलाई पवित्र बनाएको थिएँ”।

उसले सोच्न थाल्यो, *“म येशूलाई व्यक्तिगत रूपमा जान्न चाहन्छु किनभने उहाँले मलाई मेरी आमाको गर्भमा रच्नु अघि उहाँले मलाई व्यक्तिगत रूपमा चिन्नुभएको थियो।”*

हप्ताहरू महिनामा परिणत भए, र इकबालले येशूको बारेमा थप सिक्यो। उसले सोच्यो, *“के यो हुन सक्छ कि येशूले मलाई मेरो घरबाट ९६० किलोमिटरभन्दा बढी टाढा अङ्ग्रेजी सिक्न मात्र होइन तर उहाँको प्रेमको बारेमा सिक्न पनि ल्याउनुभएको हो?”*

उसले आफ्नै जीवनमा येशूको प्रेम अनुभव गर्न थाल्यो; र स्कूलमा आइपुगेको २ १/२ वर्ष पछि, उसले आफ्नो हृदय येशूलाई दिने र बप्तिस्मा लिने निर्णय गऱ्यो।

हाई-स्कूल गरेपछि, इकबालले भारतको बेंगलुरुको लौरी एड्भेन्टिष्ट कलेजबाट कम्प्युटर एप्लिकेसनको स्नातक डिग्री प्राप्त गऱ्यो र यसकै कर्मचारीहरू भयो, जहाँ ऊ क्याम्पसमा सेवाका गतिविधिहरूमा सहभागी हुन्छ। येशू नै उसको जीवन हुनुहुन्छ।

"अब, म येशूसँग हुन पाउँदा खुसी छु," उसले भने। "दिन-दिनै, येशूले मलाई डोऱ्याउनुहुन्छ र मेरो हेरचाह गर्नुहुन्छ। जब म कुनै समस्याको सामना गर्छु, तब येशू ख्रीष्ट मेरो शरणस्थान हुनुहुन्छ र मलाई समस्याबाट बाहिर निकाल्नुहुन्छ।"

इकबालले येशूका सर्वज्ञानप्रति अचम्म भयो। येशूले उसलाई आफ्नी आमाको गर्भमा बनाउनु अघि मात्र चिन्नुभएको थिएन तर उहाँ आफै उसका आवश्यकताहरूप्रति सचेत हुनुभएको थियो।

"म येशूलाई धन्यवाद दिन्छु कि उहाँले मेरा आवश्यकताहरू मैले थाहा पाउनुभन्दा धेरै अघि नै पूरा गरिदिनुहुन्छ," उसले भन्यो। "मैले माग्नुभन्दा पहिले नै, के दिने र कसद्वारा दिने भनेर उहाँलाई थाहा हुन्छ। यही कारणले गर्दा म उहाँमा भरोसा गर्छु र उहाँलाई हरेक दिन अझ बढी प्रेम गर्छु" उसले थप्यो।

